आज मिति २०७५ साल कार्तिक ०७ गते विहान ८:०० बजे मनहरी गाउँकार्यपालिकाको बैठक गाउँपालिकाका अध्यक्ष श्री एकराज उप्रेतीज्यूको अध्यक्षतामा तपशिल बमोजिमको उपस्थितिमा बसी निम्नानुसार निर्णय गरियो ।

<u>उपस्थिति</u>

| | | |
|---|---|---|
| श्री एकराज उप्रेती | गाउँपालिका अध्यक्ष | अध्यक्ष |
| श्री मनिला विष्ट | गाउँपालिका उपाध्यक्ष | सदस्य |
| श्री आनन्द घलान | २ नं. वडा अध्यक्ष | सदस्य |
| श्री गोपिलाल मोक्तान | ६ नं. वडा अध्यक्ष | सदस्य |
| श्री ठाकुरराम तितुङ्ग | ७ नं. वडा अध्यक्ष | सदस्य |
| श्री दिलबहादुर स्याङ्तान | ८ नं. वडा अध्यक्ष | सदस्य |
| श्री ध्रुव खड्का | ४ नं. वडा अध्यक्ष | सदस्य |
| श्री मान बहादुर स्याङ्तान | ३ नं. वडा अध्यक्ष | सदस्य |
| श्री साधुराम अधिकारी | ९ नं. वडा अध्यक्ष | सदस्य |
| श्री शिव प्रसाद खनाल | १ नं. वडा अध्यक्ष | सदस्य |
| श्री शुभराज थिङ्ग | ५ नं. वडा अध्यक्ष | सदस्य |
| श्री कृष्ण विडारी | महिला सदस्य | सदस्य |
| श्री पम्फा रोक्का | महिला सदस्य | सदस्य |
| श्री राधा देवि खकुराल पाठक | महिला सदस्य | सदस्य |
| श्री राममाया प्रजा चेपाङ | महिला सदस्य | सदस्य |
| श्री गीता कुमारी प्रजा | दलित वा अल्पसंख्यक सदस्य | सदस्य |
| श्री बिशकसेन ढकाल | प्रमुख प्रशासकीय अधिकृत | सचिव |

<u>आमन्त्रित/बैठक सहयोगी</u>

निर्णय नं.१

गांउपालिकाको काममा सहजता ल्याउन सुचना अधिकारी, कार्यपालिका सदस्य पाच जना र वडा सचिब ९ जनाले प्रयोग गर्ने गरि नेपाल टेलिकमको पोष्टपेड CUG अन्तर्गत समाबेश गर्ने गरी १५ थान सीम खरीद गर्ने र गांउसभाबाट निर्धारित दरमा नबढ्ने गरी सोको मासिक बिल भुक्तानीको व्यबस्था मिलाउने निर्णय गरियो ।

निर्णय नं.२

सामाजीक सुरक्षा भत्ता बैंक मार्फत बितरण गर्ने कार्यलाइ थप सहज बनाउदै लैजानकालागी सा.सु. भत्ताका लाभग्राहीको खाता खोल्न साबिकबाहेक अन्य बैंकलाइ समेत समाबेश गर्ने गरि सुचना प्रकाशन गर्ने निर्णय गरियो ।

निर्णय नं.३

गांउपालिकाको बार्षिक कार्यक्रम अनुसार ५० प्र.स.अनुदानमा बितरण गर्ने कृषि उपकरण मागको लागी मिति २०७५।६।१९ मा ईच्छुक कृषक समुह तथा कृषि सहकारीलाइ सुचना प्रकाशन गरिएकोमा पर्याप्त आबेदन नपरेकोले पुन सात दिनको सुचना प्रकाशन गर्ने निर्णय गरियो ।

निर्णय नं.४

गत अषाढ श्रावण महिनाको अबिरल बर्षातबाट क्षेती पुगेको वडा नं ३ को कार्यालय मर्मतकालागी मर्मत सम्भार कोषबाट रु. ५ लाख बिनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं.५

कार्यालयलाई आबस्यक हलुका सवारी साधन थान १ खरीद भइ आउने क्रममा रहेकोले नियमानुसार एक जना हलुका सवारी चालक करारमा नियुक्ति गर्ने निर्णय गरियो ।

निर्णय नं.६

गत आ.ब.मा डी.पी.आर. सम्पन्न भएका खानेपानी आयोजनाहरुको निर्माणका लागी प्राबिधिक ईष्टमेट समेत प्राप्त भइसकेकोले ल.इ.स्वीकृत गरी सार्बजनिक खरीद ऐन २०६३ को दफा ३१ उपदफा १ बमोजीम बोलपत्रको माध्यमबाट खरीद प्रकृया अगाडी बढाउने गर्ने निर्णय गरियो ।

निर्णय नं.७

वडा नं ८ को कार्यालय मर्मत गर्दा गत बर्षनै सम्पन्न कामको भुक्तानी बांकी देखिएकोले नियमानुसार मुल्यांकन गरि बांकी रकम भुक्तानी गर्ने निर्णय गरियो ।

निर्णय नं.८

निर्णय प्रमाणित

एकराज
अध्यक्ष

मनहरी बजार क्षेत्रमा फोहर संकलन तथा व्यवस्थापन (दैनिक कम्तिमा विहान १ पटक ट्याक्टर घुमाउने )गरी डम्पिङ्ग साईड सम्म फोहर विसर्जन गर्नको लागि १ वटा ट्याक्टर, फोहर संकलन व्यवस्थापन गर्ने औजार उपकरण र १ जना फोहर उठाउने मानिस सहित प्रति दिन रु.१०००।– (अक्षरेपी) अधिकतम मूल्यांकन कायम गरी २०७५ कार्तिक देखि २०७६ असार मसान्त सम्मको लागि ७ दिनको सुचना प्रकाशन गरी घटा घटमा ठेक्का व्यवस्थापन गर्ने निर्णय गरियो ।

एकराज उप्रेती
अध्यक्ष

निराज ... उपाध्याय
प्रमुख प्रशासकीय अधिकृत